# जेनिथ फाइनान्स लिमिटेडको
## चौथो वार्षिक साधारण सभाको कामकारवाही सम्बन्धी विवरण
## (माइन्यूट)

जेनिथ फाइनान्स लि. को मिति २०६८ कार्तिक २५ गते सम्पन्न सञ्चालक समितिको १०५औं बैठकको निर्णय बमोजिम आज मिति २०६८/०८/२४ गते शनिबारका दिन विहान ८.०० बजे बोलाईएको वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभाको लागि तोकिएको स्थान का.जि.का.म.न.पा. १२, त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको डि ई सि सि सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री अजयप्रसाद ढकालज्यूको अध्यक्षतामा शुरु भएको वार्षिक साधारण सभाको कामकारवाही देहाय बमोजिम रह्यो ।

**उपस्थिति सम्बन्धी विवरण :**

**क) शेयरधनीहरुको उपस्थिति :**

| बाँडफाँड भएको शेयर संख्या | शेयरधनी संख्या | प्रतिनिधित्व भएको शेयर संख्या | प्रतिनिधित्व भएको शेयरको प्रतिशत | उपस्थित शेयरधनी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | स्वयं उपस्थित | प्रोक्सीद्धारा उपस्थित | जम्मा |
| २०,५३,१४४ | १५,३१४ | १२,८३,८४६ | ६२.५३ | २४२ | ५० | २९२ |

**ख) कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सञ्चालकज्यूहरुको उपस्थिति :**

**अध्यक्ष** : श्री अजयप्रसाद ढकाल
**सञ्चालक** : श्री ललितबहादुर श्रीश
**सञ्चालक** : श्री पुनित गौचन
**सञ्चालक** : श्री कृष्णबहादुर के.सी.
**सञ्चालक** : श्री उद्धवकुमार के.सी.
**सञ्चालक** : श्री माधव भण्डारी

**ग) वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति :**

**प्रमुख कार्यकारी अधिकृत** : श्री भोलाप्रसाद पाठक
**बरिष्ठ प्रबन्धक** : श्री चन्द्रबहादुर खत्री
**कम्पनी सचिव** : श्री थमनबहादुर भण्डारी

**घ) प्रतिनिधि/पर्यवेक्षकहरुको उपस्थिति :**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय** : अधिकृत श्री राजमणी दाहाल
**श्री धितोपत्र बोर्ड** : अधिकृत श्री अनुजकुमार रिमाल

**क) वार्षिक साधारण सभा सम्बन्धी सूचना**

वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना के कसरी जारी गरियो भन्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र वित्तीय संस्थाको नियमावलीको नियम ४(३) बमोजिम वार्षिक साधारण सभा गर्नको निमित्त कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सूचना दिनु पर्ने प्रावधान बमोजिम मिति २०६८/०७/२५ मा बसेको सञ्चालक समितिको

१०५औं बैठकबाट चौथो वार्षिक साधारण सभा बोलाउने निर्णय भई वित्तीय संस्थाका सम्पूर्ण शेयरधनीहरुको जानकारीका लागि मिति २०६८/०७/३० गतेको नागरिक दैनिक र मिति २०६८/०८/०१ गतेको कारोबार दैनिकमा चौथो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफलका लागि प्रस्तावित विषयहरु खोली सार्वजनिक सूचना प्रकाशित गरिएको एवं वित्तीय संस्थाको वेभ साईड : www.zemfil.com.np मा राखिएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनुभयो । साथै, कम्पनी ऐन २०६३ को दफा ८४(४) बमोजिम वित्तीय संस्थाको गत आ.व. २०६७/६८ को संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनी महानुभावहरुले वित्तीय संस्थामा उपलब्ध गराउनुभएको ठेगानामा पठाईसकिएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**ख) गणपूरक संख्या :**

चौथो वार्षिक साधारण सभाको लागि आवश्यक गणपूरक संख्या सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) मार्फत् उपस्थित हुनु पर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको कूल शेयर संख्या २०,५३,१४४ कित्ता र कुल शेयरधनी संख्या १५,३१४ मध्ये ११,३९,५७० कित्ता अर्थात् ५५.५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी स्वयं एवं आफ्नो प्रतिनिधि (प्रोक्सी) मार्फत् जम्मा १६८ जना शेयरधनीहरु उपस्थित हुनुभई चौथो वार्षिक साधारण सभाको प्रयोजनका लागि राखिएको हाजिरी पुस्तिकामा उपस्थिति जनाई हस्ताक्षर गर्नु भएको हुँदा चौथो वार्षिक साधारण सभा सञ्चालनका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा वित्तीय संस्थाका कम्पनी सचिवले जानकारी गराउनुभयो ।

**ग) सभाको वैधानिकता र सञ्चालन :**

कम्पनी ऐन, २०६३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाईको चौथो वार्षिक साधारण सभाको बैधानिकता सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) एवं वित्तीय संस्थाको नियमावलीको नियम ४ (३) बमोजिम चौथो वार्षिक सभा हुनुभन्दा कम्तीमा २१ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषयहरु खोली सम्पूर्ण शेयरधनीहरुलाई सूचना दिईएको तथा कम्पनी ऐन, २०६३ को ७३ (२) एवं वित्तीय संस्थाको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या मध्ये ५५.५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १६८ जना शेयरधनीहरु स्वयं तथा आफ्नो प्रतिनिधि (प्रोक्सी) मार्फत् उपस्थित हुनु भई वार्षिक साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम चौथो वार्षिक साधारण सभाको बैधानिकता प्रमाणित भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भएपछि कम्पनी सचिवको अनुरोधमा सञ्चालक समितिका अध्यक्ष श्री अजयप्रसाद ढकालज्यूले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम चौथो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्नुभई सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायत छलफलका लागि प्रस्तावित अन्य सामान्य तथा विशेष प्रस्तावहरु छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. चौथो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको अवधिसम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०६८/६९ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ज्योति प्रकाश पाण्डे पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम गत आ.व. सम्मको मुनाफाबाट ९.५० प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. सञ्चालकहरुको सुविधा सम्बन्धमा ।
६. नियमावली संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल भएमा आवश्यकतानुसार समायोजन गर्न सञ्चालक समितिलाई अधिकार दिने । (**विशेष प्रस्ताव**)

**(ख) विविध ।**

चौथो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण पश्चात् सभाको कामकारवाहीहरु अगाडि बढाउँदै सञ्चालक समितिका अध्यक्ष एवं चौथो वार्षिक साधारण सभाका अध्यक्ष श्री अजयप्रसाद ढकालज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा प्रतिनिधि/पर्यवेक्षकहरुलाई स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**वार्षिक प्रतिवेदन उपर छलफल :**

अध्यक्षज्यूद्धारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन एवं **ले**खापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको अवधिसम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु सम्बन्धमा छलफलका क्रममा देहाय बमोजिमका शेयरधनी महानुभावहरुले देहाय बमोजिम आ-आफ्ना जिज्ञाशा, मन्तव्य र सुझावहरु सभासमक्ष राख्नुभयो ।

**१. श्री उद्धवप्रसाद घिमिरे**

- कम्पनीले स्थापनाको छोटो अवधिमा नै गत वर्ष २० प्रतिशत बोनश, ६ : ५ को अनुपातमा हकप्रद शेयर प्रदान गरेकोमा यो वर्ष ९.५ प्रतिशत नगद लाभांश वितरण गर्न ल्याएको प्रस्ताव स्वागतयोग्य छ र यसले निरन्तरता पाओस् भन्न चाहन्छु ।
- वार्षिक प्रतिवेदनमा बार चार्ट, पाई चार्टको माध्यमबाट मुनाफा, निक्षेप तथा कर्जाको बारेमा जानकारी दिनुभएको राम्रो लाग्यो । आगामी वार्षिक प्रतिवेदनमा सञ्चालन मुनाफा भन्दा पनि खुद मुनाफालाई चार्टमा देखाईयोस ।
- मर्जर सम्बन्धी प्रस्ताव ल्याएको भए राम्रो हुन्थ्यो ।
- जाडो समयमा विहान ८ : ०० बजे वार्षिक साधारण सभा बोलाईएकोमा समय उपयुक्त भएन भोलिका दिनहरुमा यसलाई ध्यान दिनु भए राम्रो हुनेथियो ।
- सामाजिक उत्तरदायित्वतर्फ कम्पनीको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।
- कम्पनीले शाखा खोल्ने तर्फ पनि ध्यान दिनु पर्‍यो । लमजुङ्ग जिल्लाको दुरा डाँडा शाखा खोल्नको लागि उपयूक्त रहेको छ त्यस तर्फ ध्यान दिन म सञ्चालक समितिलाई अनुरोध गर्दछु ।
- कम्पनीको आफ्नै कार्यालय निर्माण गर्ने तर्फ सञ्चालक समितिको के धारणा रहेको छ अध्यक्षज्यूबाट जानकारी पाउँ ।
- अर्को वर्ष कम्तिमा २५ प्रतिशतमा नघटाई लाभांश वितरण गर्न सफल होस् भन्न चाहन्छु ।

**२. श्री अमिरदाश रञ्जित**

- कानूनले निर्दिष्ट गरेको समयावधिभित्र वार्षिक साधारण सभा गर्न सकेको र शेयरधनीहरुलाई ९.५ प्रतिशत नगद लाभांश वितरण गर्न प्रस्ताव गरेकोमा कम्पनीको सराहना गर्दछु ।
- कम्पनीले हरेक साल प्रोगेशिभ डिभिडेण्ड पोलिसी ल्याउनेतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

- गत वर्षको साधारण सभामा हामीले दिएका सुझावहरु धेरै मात्रमा कार्यान्वयन भएका छन् यसको लागि पनि धन्यवाद ।
- फाइनान्स कम्पनी र विकास बैंकहरुको निक्षेप घटिरहेको अवस्थामा यस कम्पनीले १४.१ प्रतिशत निक्षेप वृद्धि गर्न सकेकोमा धन्यवाद ।
- मर्जर सम्बन्धमा केहि कार्य भएको छ, छैन भन्ने विषयमा जानकारी दिनुहुन अनुरोध गर्दछु ।
- दस्तावेजमा मिति छुटेको जस्तो लाग्यो मिति राख्नु भएमा राम्रो हुनेथियो ।
- मितव्ययीतातर्फ ध्यान दिनु पर्ने देखिन्छ ।
- निष्कृय कर्जा न्यूनतम नै रहेको छ यसलाई शुन्यमा झार्न ध्यान दिनु पर्ने देखिन्छ ।
- सञ्चालककहरुलाई मोबाईल सुविधा प्रदान गर्न प्रस्ताव गरिएको रहेछ के कति पर्ने सेट दिन खोजिएको हो सो बारेमा जानकारी दिनु हुन अनुरोध छ ।

**३. श्री डम्मरुबल्लभ घिमिरे**

- स्थापना भएको ४ वर्षमा नै यो कम्पनीले गत वर्ष २० प्रतिशत बोनश शेयर र ६:५ का दरले हकप्रद शेयर दिएर पनि अहिले फेरी ९.५ प्रतिशत नगद लाभांश दिन सकेकोमा धन्यवाद ।
- अहिलेसम्मको प्रगति आगामी वर्षहरुमा पनि कायम रहोस भन्ने शुभकामाना ।
- सञ्चालकज्यूहरुलाई सुविधा स्वरुप प्रदान गरिने मोबाईलको सेट रु. १० हजार वा सो को हाराहारी सम्मको उपयुक्त हुन्छ ।
- हाल नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरुमा मर्जरको सुनामी आएको छ । यसमा कसरी जाने भन्ने सम्बन्धमा सञ्चालक समितिले पर्ख र हेर को नीति अख्तियार गरेको रहेछ मलाई त्यो राम्रो लाग्यो ।
- गत वर्ष हामिले दिएका सुझावहरु ९० प्रतिशत कार्यान्वयन गरेको पाईयो । यसको लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ।
- उपस्थित शेयरधनीहरुलाई विहानको खाजाको राम्रो प्रबन्ध गरेकोमा पनि धन्यवाद ।

**४. नरसिंहलाल चंखु**

- वासलात गत वर्षभन्दा राम्रो लाग्यो र प्रतिशेयर ९.५ प्रतिशत नगद लाभांशको प्रस्ताव ल्याएकोमा धन्यवाद ।
- कम्पनी संस्थागत सुशासन कायम गर्न सफल भएको देखिन्छ । आगामी वर्षहरुमा यस्तै हुन सकोस भन्न चाहन्छु ।
- वित्तीय जगतका लागि आगामी दिनहरु चुनौतिपूर्ण रहेका छन् । हरेक चुनौतिपूर्ण दिनहरुलाई अनुकुल बनाउन व्यवस्थापन सक्षम हुनु जरुरी छ ।
- Management Information syatem राम्रो रहेको पाएँ ।
- दक्ष कर्मचारीहरु अन्य बैंक तथा वित्तीय संस्थामाहरुमा सर्ने वातावरण नबनोस भन्न चाहन्छु ।
- Bad Loan अझै घटाउने तर्फ व्यवस्थापनले ध्यान दिनु पर्दछ ।
- बाँकी रहेको हकप्रद शेयर कहिले कसरी विक्री गरिने हो जवाफ चाहन्छु ।
- वर्षभरिमा सञ्चालक समितिको बैठक कतिवटा बसियो खुलस्त पार्नुभएको भए राम्रो हुन्थ्यो ।
- प्रतिवेदनमा सिक्का भन्ने उल्लेख भएको रहेछ यो कस्तो खालको सिक्का हो ? पुराना सिक्का खरिद गरेको हो की ? जवाफ चाहन्छु ।
- कर्मचारीको तालिम खर्च गतवर्ष भन्दा कम भएको देखियो यसतर्फ व्यवस्थापनको ध्यानाकर्षण गराउन चाहन्छु ।

- नेपाल राष्ट्र बैंकले उठाएका कैफियतहरुका सम्बन्धमा ध्यान दिनुहुन अनुरोध गर्दछु ।
- कम्पनीबाट प्रवाह भएको शेयर कर्जा कत्तिको जोखिममा रहेको छ जानकारीको अपेक्षा गर्दछु ।

**५. श्री दामोदरप्रसाद रेग्मी**

- यस कम्पनीको यो वार्षिक साधारण सभा मेरो पहिलो वार्षिक साधारण सभा हो ।
- सर्सती हेर्दाखेरी चौथो वर्षको छोटो अवधिमा पनि यो जेनिथ फाइनान्स कम्पनीले राम्रै खालको परफमेन्स देखाएको छ अर्थात् फाइनान्स कम्पनीहरुमाथि नै विश्वास कम हुँदै गैरहेको समयमा पनि निक्षेप वृद्धि गर्न सफल भएको देखियो यो राम्रो पक्ष हो ।
- विभिन्न कारणहरुले गर्दा फाइनान्स कम्पनीहरुको कस्ट अफ फण्ड अलि उच्च हुन्छ जसबाट नाफा कमाउन कठिन हुन्छ यसतर्फ सञ्चालक तथा व्यवस्थापनले ध्यान दिन आवश्यक छ ।
- खर्च कम गर्ने तर्फ लाग्नु पर्‍यो अर्थात् कमाउन सक्ने क्षमताको आधारमा खर्च गर्नु पर्छ । खर्च कटौतिले मुनाफाको प्रतिशतलाई वृद्धि गर्न सघाउ पुर्‍याउँदछ ।
- कुन क्षेत्रमा लगानी गरेमा मुनाफा बढाउन सकिन्छ त्यसतर्फ वित्तीय संस्थाले ध्यान पुर्‍याओस ।
- Cash Inflow र out flow को विश्लेषण गर्न संस्था सक्षम हुनु पर्दछ ।
- सञ्चालकहरु पनि सक्षम र व्यवसायिक हुनु जरुरी हुन्छ ।
- संस्था सञ्चालन गर्दा संस्थागत रुपमा चल्नु पर्दछ । व्यक्तिगत रुपमा जानु हुँदैन ।
- कम्पनीले शेयरधनीहरुलाई कति नाफा दिलाउने भन्ने सम्बन्धमा टारगेट तय गरिनु पर्दछ ।
- सञ्चालक समिति र उच्च व्यवस्थापन सक्रिय हुनु पर्दछ ।

**६. श्री दिनेशराज पन्त**

- संस्थागत ढंगबाट व्यवस्थित रुपले संस्था सञ्चालन गर्न सकेमा निकै राम्रो गर्न सकिन्छ भन्ने उदाहरण जेनिथ फाइनान्स बन्न सकेको छ ।
- म जस्तो सामान्य शेयरधनीसँग त मोबाईल छ भने अर्थात् जो सुकैको पानि मोबाईल हुने वर्तमान अवस्थामा वित्तीय संस्थाका सञ्चालकहरुलाई मोबाईल सुविधा नहुने भन्ने त हुँदैन तसर्थ कम्पनीले सञ्चालकलाई मोबाईल सुविधा दिन गरेको प्रस्तावमा मेरो समर्थन छ ।
- हामीहरुले गत वार्षिक साधारण सभामा गरेका प्रतिवद्धताहरु के के पुरा गर्न सकियो के के पुरा गर्न सकिएन सो को बारेमा उल्लेख गरिदिएको भए राम्रो हुन्थ्यो ।
- गत वर्ष २० प्रतिशत बोनश दिएको हुँदा हामीहरुलाई २० प्रतिशत लाभांश लिने बानी परिसकेको हुनाले हरेक वर्ष कम्तिमा २० प्रतिशत लाभांश दिन सक्नु पर्दछ ।
- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा कहिले राष्ट्र बैंकले नदिएकाले, कहिले पूँजी वृद्धि भएकोले, कहिले देशको अवस्था नराम्रो भएकोले लाभांशमा वृद्धि गर्न सकिएन भनेर निकै रोनाधोना गर्ने चलन छ, यस वित्तीय संस्थामा त्यस्तो नहोस भन्न चाहन्छु ।
- अन्त्यमा वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।

**७. श्री महेन्द्र श्रेष्ठ**

- अहिलेको अवस्थामा पनि ९.५ प्रतिशत नगद लाभांश प्रदान गरेकोमा यसलाई म Positive दृष्टिकोणले हेर्दछु ।

- नेपाल राष्ट्र बैंक लगायतका नियमन गर्ने निकायले पनि फाइनान्स कम्पनीहरुलाई Negetive रुपमा हेरेको हुँदा कम्पनी Sustain हुन गाह्रो छ । व्यवस्थापनले यसतर्फ ध्यान दिनु पर्दछ ।
- निक्षेपकर्ताहरुको सुविधालाई ध्यान दिन म व्यवस्थापनलाई सजग गराउँदछु ।
- कर्जा प्रवाह गर्दा निकै चनाखो हुनु पर्दछ अन्यथा बैंकिङ्ग कसुर अन्तर्गत सञ्चालक र व्यवस्थापनमा रहेका कर्मचारीहरुलाई कारवाही हुने व्यवस्था रहेको छ जसको उदाहरण स्वरुप अहिले केहि वित्तीय संस्थाका सञ्चालकहरु जेलमा रहेका छन् ।
- वित्तीय संस्थामा प्रथमतः निक्षेपकर्ताहरु सुरक्षित हुनु पर्दछ दोश्रोमा शेयरधनीहरु सुरक्षित हुनु पर्दछ ।
- नेपाल राष्ट्र बैंकद्धारा निक्षेप सुरक्षण गर्ने व्यवस्था लागू गरेको भए पनि निक्षेप तथा कर्जा सुरक्षण कम्पनी आफैमा सबल र सक्षम नरहेको हुँदा त्यस्तो इन्स्योरेन्सबाट पनि खासै सुरक्षाको आशा गर्न सकिदैन तसर्थ सञ्चालक समितिले नै सुरक्षाको ग्यारेण्टी हुने गरी कारोबार गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।
- शेयर बजार धरासयी भएको हुनाले यो वर्ष वित्तीय संस्थाको लागि त्यति सहज छैन आगामी वर्ष राम्रो हुने आशा गर्न सकिन्छ ।
- मर्जरको विषयमा फोर्स मर्जर सम्बन्धी पनि कुरा उठेको छ त्यो राम्रो हुँदैन त्यसले दुर्घटना निम्त्याउँदछ । आफुसँग मन मिल्ने संस्थासँग मात्र मर्जर गर्नु पर्दछ ।
- आगामी वर्ष नगद लाभांश यो भन्दा बढि दिनु पर्दछ ।
- यो चिसो मौसममा भन्दा दशैं अगाडि वार्षिक साधारण सभा गर्दा राम्रो हुन्छ ।

**८. श्री शिबप्रसाद शर्मा**

- यस्तो जाडोमा पनि यति धेरै मात्रमा शेयरधनी साथीहरुको उपस्थिति भएकोमा मलाई ज्यादै खुशी लाग्यो यसले शेयरधनीहरुले कम्पनीलाई कति माया गर्दा रहेछन भन्ने देखाउँदछ ।
- म भन्दा अघि बोल्ने मित्रहरुले वार्षिक प्रतिवेदनको अपरेशन नै गर्नुभएको छ यसमा मेरो धेरै केहि भन्नु छैन् ।
- कम्पनीले अहिलेको कठिन अवस्थामा पनि ९.५ प्रतिशत नगद लाभांशको प्रस्ताव गरेको छ त्यो ठिक छ ।
- नेपाल राष्ट्र बैंकले फाइनान्स कम्पनीबाट निक्षेप फिर्ता गर्दा जनमानसमा पनि नकारात्मक सन्देश गएको छ ।
- शेयर बजार अध्ययन गरेर बाँकी हकप्रद शेयर विक्री गर्ने सञ्चालक समितिको योजना मलाई राम्रो लाग्यो ।
- कम्पनीको चालु आ.व. २०६८/६९ को प्रथम तीन महिनाको नाफा अलि कम भयो यसलाई वृद्धि गर्ने तर्फ व्यवस्थापनले ध्यान दिनु पर्दछ ।
- निक्षेप संकलन गर्नु मात्र ठूलो कुरा होईन यसलाई सहि रुपमा लगानी गरी मुनाफा आर्जन गर्न सक्नु पर्दछ ।
- कर्जा प्रवाह गर्दा धितो सुरक्षणमा राखिएका अचल सम्पत्तिको बजार मूल्यको ४० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गर्नु हुँदैन ।
- कम्पनीले चालु वर्षमा के कति नाफा कमाउने हो Target तय गर्नुपर्‍यो ।

**वार्षिक प्रतिवेदन छलफलका क्रममा उठेका प्रश्न, सुझाव तथा जिज्ञाशाहरु सम्बन्धमा अध्यक्षज्यूको भनाई :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सम्बन्धमा छलफलमा भाग लिई आफ्ना सारगर्भित भनाईहरु राख्ने क्रममा वित्तीय संस्थालाई अमुल्य सुझावहरु प्रदान गर्नु हुने शेयरधनी महानुभावहरुलाई धन्यवाद व्यक्त गर्नुहुँदै एकजना शेयरधनी महानुभावले उठाउनु भए बमोजिम वित्तीय संस्थाको कर्पोरेट भवन बनाउने सञ्चालक समितिको योजना रहेको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो । वित्तीय संस्थासँग हालसम्म अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट मर्जर सम्बन्धी प्रस्ताव नआएको र अगामी दिनमा कुनै पनि उपयुक्त बैंक तथा वित्तीय संस्था भेटिएमा विशेष साधारण सभा बोलाई प्रक्रियासम्मत् ढंगले मर्जमा जाने व्यहोरा सहित हाललाई अन्य कुनै वित्तीय संस्थासँग मर्ज हुनुपर्ने बाध्यात्मक अवस्था नरहेको कुरा सभालाई जानकारी गराउनु भयो । सोही क्रममा

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरु कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो र शेयरधनीहरुले मन्तब्यका क्रममा उठाउनु भएका व्यवस्थापकीय लगायत अन्य कारोबार सञ्चालनसँग सम्बन्धित जिज्ञाशा तथा भनाईहरु सम्बोधन हुने गरी वित्तीय संस्थाको धारणा सभा समक्ष प्रस्तुत गरिदिनुहुन वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भोलाप्रसाद पाठकलाई आग्रह गर्नुभयो ।

**प्रमुख कार्यकारी अधिकृतको सम्बोधन :**

वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभामा उत्साहजनक उपस्थित भई आफ्ना अमुल्य सुझावहरु राख्नु भएकोमा शेयरधनीहरुलाई धन्यवाद व्यक्त गर्नु हुँदै प्राप्त सुझावहरु पूर्णतया कार्यान्वन गर्ने प्रतिवद्धता जनाउनु भयो । सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेखित विभिन्न विषयहरुमा मन्तब्यका क्रममा शेयरधनीहरुले उठाउनु भएका जिज्ञाशाहरु सम्बन्धमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री भोलाप्रसाद पाठकले देहाय बमोजिमको भनाई सभा समक्ष  राख्नु भयो ।

- नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाको वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा ०.५ प्रतिशत भन्दा बढी ब्याज दर प्रदान नगर्न दिएको निर्देशनको विषयलाई लिएर शेयरधनीले राख्नु भएको जिज्ञाशाका सम्बन्धमा वित्तीय संस्थाले ब्याजदर प्रकाशन गर्दा निश्चित अवधि र अवधि अनुसारको ब्याजदर प्रकाशन गरिएको हुन्छ अर्थात् मुद्दती खातामा १ वर्ष, २ वर्ष, ३ वर्ष भनेर अवधि र सो मा प्रदान गरिने ब्याज समेत उल्लेख गरि प्रकाशित गरिएको हुन्छ तर व्यवहारिक रुपमा कुनै निक्षेपकर्ताले १ वर्ष अवधि भन्दा बढि तर २ वर्ष अवधिभन्दा कम अवधि अर्थात् १८ महिनाको लागि मुद्दती खाता खोल्दा २ वर्ष अवधिको ब्याज प्रदान गर्दा त्यसो हुन गएको हो । निक्षेप रकम र बजारको तरलता समेतको कारणले गत आ. व. को  कुनै एक मुद्दती निक्षेप खातामा त्यसो हुन गएकोमा यसै आ.व. २०६८/६९ को प्रथम त्रैमासिकमा ब्याजदर प्रकाशन गर्दा खेरी नै त्यसो नहुने व्यवस्था मिलाईसकिएको व्यहोरा सभा समक्ष जानकारीका लागि अनुरोध गर्दछु ।
- नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाको वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिएका निर्देशनहरुको पालना गरी सकेसम्म कैफियत नआउने गरी काम गर्नेतर्फ वित्तीय संस्था व्यवस्थापन दत्तचित्त भएर लागेको व्यहोरा म सभालाई जानकारी गराउँदछु ।
- सञ्चालन खर्च सम्बन्धमा वित्तीय संस्थाले नाफा हुने ठाउँमा खर्च गर्ने र नाफा नहुने ठाउँमा भएको खर्चलाई घटाउँदै जाने व्यवस्थापकीय मान्यतालाई हामीले पूर्णरुपमा पालना गरेका छौं र आगामी दिनमा यसलाई निरन्तरता दिनेछौं । गतवर्ष सर्वसाधारण शेयर निष्काशन गर्दा खेरीको खर्च र बागलुङस्थित एक्स्टेन्सन काउण्टर शुरु गर्दा कर्मचारी संख्यामा समेत वृद्धि भई केहि सञ्चालन खर्च बढ्न गएको तर उक्त एक्स्टेन्सन काउण्टरको कारोबारबाट वित्तीय संस्थाको मुनाफालाई सर्पोट गर्ने बेला भईनसकेको अवस्था छ । साथै, आम्दानी र खर्चको तालमेल मिलाउन आगामी वर्ष व्यवस्थापनले ध्यान पुर्याउने विश्वास दिलाउन चाहन्छु ।
- मन्तव्यको क्रममा केहि शेयरधनी महानुभावहरुले वित्तीय संस्थाको Strategic plan र specialization को पनि कुरा उठाउनुभएको छ । हामी बैंक तथा वित्तीय संस्थाहरु नेपाल राष्ट्र बैंकले दिएको प्यारामिटरभित्र बसेर कारोबार गर्नु पर्ने हुन्छ । संस्थागत सुशासन पुर्णरुपमा पालना गर्नु पर्दछ र अहिलेको अवस्थामा Core Banking Function भन्दा बाहिर गई फरक क्षेत्रमा हात हाल्नु निक्षेपकर्ताहरुको निक्षेपलाई जोखिममा पार्नु हो भन्ने वित्तीय संस्था व्यवस्थापन एवं सञ्चालक समितिको समितिको धारणा रहेको छ । वित्तीय संस्थाले निक्षेपकर्ताहरुको हितलाई सर्वोपरि मानी नाफा कमाउनु पर्दछ भन्ने मान्यतामा व्यवस्थापन कटिबद्ध रहेको व्यहोरा म सभालाई जानकारी गराउँदछु ।
- केहि शेयरधनी महानुभावहरुले Long term, short term planing को पनि कुरा उठाउनु भएको छ । हालको वित्तीय बजारको अवस्थालाई हेर्दा २,३ महिनामा वित्तीय क्षेत्रमा कस्तो अवस्थाको सिर्जना हुन्छ भनेर पूर्वानुमान गर्न नसकिने अवस्था छ । Long term, short term planing भन्दा पनि हरेक दिन, हरेक हप्ता र हरेक महिनाको लागि सोच्नु पर्ने अवस्था विद्यमान रहेको छ र सोहि बमोजिम हामी अगाडि बढिरहेका छौं ।

- शाखा विस्तार गर्ने, मर्जर सम्बन्धमा अहिले नै केहि भन्न सक्ने अवस्था छैन् । वित्तीय संस्थालाई सुरक्षित राखेर कसरी अगाडि बढाउन सकिन्छ र शेयरधनीहरुलाई कसरी अधिकतम मुनाफा प्रदान गर्न सकिन्छ भन्ने तर्फ व्यवस्थापनले ध्यान केन्द्रित रहेको व्यहोरा म सभा समक्ष जानकारीका लागि राख्न चाहन्छु ।
- हामीले ६ शेयर बराबर नयाँ पाँच शेयर जारी गर्दा गत वर्षको आषाढ २८ गते मात्र हकप्रद शेयर बापतको रकम वित्तीय संस्थामा जम्मा हुन आएको र उक्त शेयर पूँजीलाई समेत हिसाब गर्दा गत वर्षको तुलनामा यस वर्षको नगद लाभांश कम हुन गएको हो ।
- वित्तीय संस्थाले जारी गरेको हकप्रद शेयर मध्ये बाँकी रहेको हकप्रद शेयर कहिले कसरी विक्री गरिने हो भन्ने जिज्ञाशा राख्नु भएको छ । उक्त बाँकी शेयर लिलामी प्रक्रियाबाट विक्री गर्ने प्रावधान रहेको छ । सो को मुल्य कम्तिमा रु. १००।- र शेयर बजार अलिकति राम्रो रहेको अवस्थामा प्रिमियम मुल्यमा समेत उक्त शेयर विक्री गर्न सकिन्छ । हाललाई नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम शेयर पूँजी पर्याप्त रहेको र निश्चित अवधिभित्र बाँकी शेयर विक्री गर्नु पर्ने बाध्यकारी व्यवस्था नभएको हुँदा शेयर बजारको अवस्थालाई विचार गरी वित्तीय संस्थालाई फाइदा हुने अवस्थामा बाँकी रहेको उक्त हकप्रद शेयर विक्री गरिने व्यहोरा सभा समक्ष जानकारी गराउँदछु ।
- वार्षिक प्रतिवेदनको अनुसूची ४.८ मा नगद मौज्दात शीर्षक अन्तर्गत स्वदेशी मुद्रा (सिक्का समेत) भन्ने बाक्यांश रहेकोमा उक्त शीर्षक नेपाल राष्ट्र बैंकको Standrad Format भएको र यस वित्तीय संस्थाको सन्दर्भमा उक्त शीर्षक अन्तर्गत रहेको सम्पूर्ण रकम नगद मौज्दात नै हो, हामीसँग अन्य कुनै सिक्का नरहेको व्यहोरा म सभालाई जानकारी गराउँदछु ।
- शेयर कर्जा कत्तिको सुरक्षित छ भन्ने सम्बन्धमा यस वित्तीय संस्थाबाट प्रवाह भएको शेयर कर्जा पूर्णरुपमा सुरक्षित रहेको छ । यदि जोखिम भएको महशुस भएमा तुरुन्त मार्जिन कल गर्ने वा धितोमा रहेका शेयर विक्री गरिने व्यवस्था रहेको छ । हालका दिनमा समस्याग्रस्त रहेका कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको शेयर धितो सुरक्षणमा नरहेको एवं वित्तीय संस्थाबाट प्रवाह भएको सम्पूर्ण कर्जाको अवस्था राम्रो रहेको समेत म सभालाई जानकारी गराउँदछु ।
- वित्तीय संस्थाले आगामी वर्ष के कति लाभांश प्रदान गर्ने लक्ष्य लिएको छ र कम्पनीको हिजोसम्मको अवस्था के कस्तो छ भन्ने सम्बन्धमा पनि केहि शेयरधनीहरुले कुरा उठाउनु भएको छ । यस सम्बन्धमा वित्तीय संस्थाको हिजो सम्मको अबस्था हेर्दा हामी गत वर्षको तुलनामा माथि नै रहेका छौं । त्यसैले आगामी वर्ष यो वर्षको भन्दा बढि नै अंकमा लाभांश वितरण गर्न सक्छौं भन्ने मलाई लाग्दछ । हुनत चालु आ.व. २०६८/६९ समाप्त हुन अझै ७,८ महिना बाँकी रहेको छ र हालको वित्तीय बजार अनुसार ८ महिना अगाडि नै पुर्वानुमान गर्न त्यति सहज छैन । समग्र वित्तीय जगतमा कुनै असामान्य परिस्थितिको सिर्जना नभएको खण्डमा यो वर्षको भन्दा बढी नै लाभाशं वितरण गर्न सकिने कुरा म सभालाई जानकारी दिन चाहन्छु ।
- सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा भनाई राख्ने क्रममा केहि शेयरधनी महानुभावहरुले Asset Quality बारेमा केहि कुरा उठाउनु भएको छ । हाम्रो वित्तीय संस्थाको Asset Quality बारेमा त वार्षिक प्रतिवेदनबाट नै जानकारी हुन्छ । NPL पनि खासै बढेको छैन । जुनकुरा यसै आ.व. २०६८/६९ को प्रथम त्रैमासिक वित्तीय विवरणबाट पनि पुष्टि हुन्छ ।
- चौथो वार्षिक साधारण सभामा उपस्थित भई छलफलमा भाग लिई सञ्चालक समिति तथा व्यवस्थापनलाई अमूल्य सुझावहरु दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु एवं विभिन्न निकायबाट उपस्थित हुनु भएका सम्पूर्ण प्रतिनिधिज्यूहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद !

**सभाद्धारा पारित निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. **चौथो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिका अध्यक्षज्यूले छलफलका लागि सभासमक्ष प्रस्तुत गर्नुभएको गत आ.व. २०६७/६८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको अवधिसम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

गत आ.व. २०६७/६८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको अवधिसम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनि अध्यक्षज्यूले सभा समक्ष राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो ।

३. **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०६८/६९ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ज्योति प्रकाश पाण्डे पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ)**

कम्पनी ऐन, २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० बमोजिम वित्तीय संस्थाको लेखापरीक्षक नियुक्ती गरी निजको पारिश्रमिक निर्धारणका लागि कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०६८/६९ को लागि वित्तीय संस्थाको लेखा परीक्षकमा श्री जे.पि. पाण्डे एण्ड एशोसियट्सलाई लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरे बापतको शुल्क र कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेत तयार गरेबापतको शूल्क गरी एकमुष्ट रु. ६०,०००।- अक्षरेपी साठी हजार रुपैया मात्र (मुल्य अभिवृद्धि कर (VAT) बाहेक) पारिश्रमिक बापत प्रदान गर्ने गरी वित्तीय संस्थाको लेखापरीक्षकमा नियुक्त गरियोस् भनि अध्यक्षज्यूले सभा समक्ष राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतीबाट परित गर्ने निर्णय गर्‍यो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम गत आ.व. सम्मको मुनाफाबाट ९.५० प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम गत आ.व. २०६७/६८ अर्थात् मिति २०६८ आषाढ मसान्तसम्मको वित्तीय संस्थाले आर्जन गरेको खुद मुनाफाबाट प्रति शेयर ९.५० प्रतिशतका दरले नगद लाभांश वितरण गर्न सञ्चालक समितिको निर्णय बमोजिम प्रस्ताव गरिएकोमा उक्त प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले ९.५० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गर्‍यो ।

५. **सञ्चालकहरुको सुविधा सम्बन्धमा ।**

सञ्चालकज्यूहरुलाई वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिमको बैठक भत्ताका अतिरिक्त १ थान मोइबाल सुविधा र सो को महशुल बापत मासिक रु. १,०००।- (रु. दश हजार) प्रदान गर्ने प्रस्ताव अध्यक्षज्यूबाट सभामा छलफलका लागि प्रस्तुत भएपश्चात् सभामा छलफल भई वित्तीय संस्थाका सञ्चालकज्यूहरुलाई प्रतिव्यक्ति रु. १०,०००।- (रु. दश हजार) सम्मको मोबाईल सेट थान -१, पोष्टपेड मोबाईलको सिम थान -१ र मासिक रु. १,०००।- (रु. एक हजार) सम्म मोबाईलको महशुल वित्तीय संस्थाको तर्फबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

६. **नियमावली संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल भएमा आवश्यकतानुसार समायोजन गर्न सञ्चालक समितिलाई अधिकार दिने । (विशेष प्रस्ताव)**

प्रस्तुत चौथो वार्षिक साधारण सभाको निर्णय नं. ५ बमोजिम पारित भए अनुसार वित्तीय संस्थाका सञ्चालकहरुलाई प्रदान गरिने मोबाईल सुविधा सम्बन्धी व्यवस्था थप गर्नको लागि वित्तीय संस्थाको नियमावली संशोधन गर्नु पर्ने भएकोले नियमावलीको नियम ३१ सञ्चालकको पारिश्रमिक, भत्ता, र सुविधा सम्बन्धी व्यवस्था शीर्षक अन्तर्गत उपनियम (ङ) थप गरी देहाय बमोजिमको प्रावधान थप गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(ङ) वित्तीय संस्थाका सञ्चालकहरुलाई प्रतिव्यक्ति रु. १०,०००।- (रु. दश हजार) सम्मको मोवाईल सेट थान -१, पोष्टपेड मोबाईलको सिम थान-१ र मोबाईलको महशुल बापत मासिक रु. १,०००।- (रु. एक हजार) सम्मको विल वित्तीय संस्थाको तर्फबाट भुक्तानी गर्ने व्यवस्था उपलब्ध गराईनेछ ।

साथै, यसै निर्णय बमोजिमको प्रावधान वित्तीय संस्थाको नियमावलीमा थप/संशोधन गर्दाका अवस्थामा नियमनकारी निकायहरुबाट संशोधन गर्न सुझाव वा निर्देशन प्राप्त भएमा आवश्यकतानुसार समायोजन गर्न सक्ने अधिकार सञ्चालक समितिलाई प्रदान गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतीले पारित गर्‍यो ।

**(ख) विविध ।**

विविध सम्बन्धमा छलफल गर्नुपर्ने कुनैपनि विषयहरु नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

**सभा विसर्जन :**

वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभामा उपस्थित भई सक्रियतापूर्वक छलफलमा भाग लिनुभई प्रस्तावित सामान्य तथा विशेष प्रस्तावहरु सम्बन्धमा निर्णयमा पुग्न सभालाई सहयोग गर्नु भएकोमा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै विभिन्न निकायहरुबाट प्रतिनिधित्व गरी सभामा उपस्थित भईदिनुभएकोमा पर्यवेक्षकज्यूहरुलाई र साधारण सभाको लागि हल उपलब्ध गराउने यूनाईटेड वर्ल्ड ट्रेड सेण्टर, डिईसिसिलाई धन्यवाद प्रदान गर्दै वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा विधिवत् रुपमा सम्पन्न भएको घोषणा गर्नुभयो ।

.........................

**(थमनबहादुर भण्डारी)**
**कम्पनी सचिव**
मिति : २०६८/०८/२४

...........................

**(अजयप्रसाद ढकाल)**
**अध्यक्ष/सभापति**
मिति : २०६८/०८/२४